प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १

# प्रदेश प्रशिक्षण केन्द्र

कलवलगुरी, झापा

०२३४५५०७८
०२३४५५१०८

पत्र संख्या:-

च.नं.:-

सुची दर्ता गराउने सम्वन्धि सूचना
(प्रथम पटक प्रकाशित मिति २०७८/०५/११)

यस प्रदेश प्रशिक्षण केन्द्रको "प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम" अन्तर्गत चालु आ.व. २०७८/२०७९ को स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहमा तपसिलमा उल्लेखित विषय/क्षेत्रहरुमा कार्यक्रम संचालन गर्नुपर्ने भएकोले प्राविधिक तथा परामर्श सेवा प्रदान गर्न योग्य, अनुभवी, सक्षम तथा ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुबाट तोकिए बमोजिमका आवश्यक कागजात सहित निवेदन पेश गर्न सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ (क) तथा सार्वजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम सूचना प्रकाशित गरिएकाले यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र रीतपुर्वकको आवेदन तल दिईएको ठेगानामा खामवन्दी वा इमेल मार्फत पेश गरी यथासिघ्र सूची दर्ता गराउनु हुन आव्हान गरिएको छ । रितपूर्वक आवेदन पेश गर्ने आवेदक फर्म, संस्था, कम्पनी वा ब्यक्तिको आधिकारिक कागजातहरु, अनुभव तथा संस्थागत क्षमतालाई आधार मानी सूची तयार गरिनेछ र नियमानुसार सूचिकृतमा परेका आवेदक फर्म, संस्था, कम्पनी वा ब्यक्तिहरुबाट आवश्यकता अनुसार प्रस्ताव माग गरिने ब्यहोरा समेत जानकारी गराईएको छ । यस सम्वन्धमा अन्य आवश्यक कुराहरु जानकारी लिनु परेमा प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापामा सम्पर्क गरी जानकारी लिन सकिनेछ ।

तपसिल

**(क) परामर्श सेवा प्रदान गर्ने विषयहरु**

१. स्थानीय तहको आवधिक योजना (Periodic Plan) तर्जुमा
२. स्थानीय तहको संस्थागत क्षमता विकास योजना (Capacity Development Plan) निर्माण
३. स्थानीय सरकारहरुको संस्थागत स्वमुल्यांकन (LISA)
४. स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्य योजना (Revenue Improvemnet Action Plan) निर्माण
५. स्थानीय तहका जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई मध्यमकालिन खर्च संरचना (MTEF) सम्वन्धि अनुशिक्षण
६. स्थानीय तहको लैंगिक उत्तरदायी तथा सामाजिक समावेशीकरण परिक्षण (GESI Audit)
७. स्थानीय तहमा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना लागू गर्ने (अभिमुखीकरण र लेखाजोखा)
८. स्थानीय तहहरुलाई जवाफदेहिताका औजारहरु कार्यान्वयन गर्न सहयोग (सार्वजनिक परीक्षण, सार्वजनिक सुनवाई)
९. स्थानीय तहको लै.स.सा.स. मूलप्रवाहिकरण रणनीति निर्माण
१०. स्थानीय तहमा GRB सम्वन्धि तालिम
११. स्थानीय तहको योजना तर्जुमा प्रक्रिया, विकासमा नागरिक सहभागीता र सुशासन लगायतका विषयमा सचेतना कार्यक्रम निर्माण, प्रकाशन, वितरण तथा प्रसारण
१२. स्थानीय तहमा नागरिकहरुको गुनासा संकलन तथा सुनुवाईका लागि संयन्त्र निर्माण
१३. आतिथ्य ब्यवस्थापन(Hospitality Mangaement) सम्वन्धि कार्यक्रम
१४. प्रदेश सरकारको क्षमता विकास योजना निर्माण
१५. स्थानीय तहका वडा समिति र कर्मचारीहरुलाई सेवा प्रवाह सम्वन्धि तालिम
१६. स्थानीय तहमा नवनिर्वाचित जनप्रतिनिधिका लागि संवैधानिक प्रावधान र स्थानीय सरकार संचालन ऐन अनुसार भूमिका र जिम्मेवारी वारे अनुशिक्षण
१७. प्रदेश प्रशिक्षण केन्द्रमा पूर्वाधार निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्ने

प्रदेश नं. १
कलवलगुरी, भद्रपुर-१०
झापा, नेपाल

०२३-४५५०७८
०२३-४५५१०८

Email :- provincetraining1@gmail.com

**(ख) आवश्यक कागजातहरु (प्रत्येक विषय क्षेत्रका लागि तोकिएको ढाँचामा छुट्टाछुट्टै आवेदन र कागजात पेश गर्नुपर्ने)**

१. यसै साथ संलग्न ढाँचामा आधिकारिक निवेदन (माथि उल्लेखित मध्ये आफुले कुन विषय क्षेत्रमा काम गर्न चाहेको हो सो को विषय क्षेत्र छुट्टाछुट्टै खुल्ने गरी)
२. फर्म, संस्था वा कम्पनी दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
३. मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र
४. पछिल्लो आ.व. (कम्तिमा आ.व. २०७६/२०७७) को लेखापरीक्षण प्रतिवेदन
५. पछिल्लो आ.व. (कम्तिमा आ.व. २०७६/२०७७) को कर चुक्ता प्रमाण पत्र
६. प्रस्तावित जनशक्तिको सम्वन्धित क्षेत्रको अनुभव र कार्य क्षमता खुल्ने कागजात
७. कालो सुचिमा नरहेको स्वघोषणा

- आवेदनको ढाँचा वेभसाइडबाट डाउनलोड गर्न सकिनेछ ।

(गणेश प्रसाद तिम्सिना)
निर्देशक

**आवेदन पेश गर्ने ठेगाना**
**प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापा**
**कार्यालय फोन नं. ०२३-४५६०६३,**
**०२३- ४५५१०८**
**इमेल ठेगानाः pcgg.p1@plgsp.gov.np**
**provincetraining1@gmail.cm**
**वेभ साइड ठेगानाः pcgg.p1.gov.np**